मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
बिराटनगर, नेपाल

कोशी प्रदेश, विराटनगर, नेपाल

# विज्ञप्ति

सुनसरी जिल्लाको देवानगंज गाउँपालिकामा हिजो राति भएको दुःखद घटनामा परी आफ्नो अमूल्य जीवन गुमाउनुहुनेप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो दुःख एवम् हार्दिक समवेदना व्यक्त गर्दछु।

घटनामा घाइते हुनुभएका सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै उपचारमा संलग्न स्वास्थ्यकर्मी तथा सम्बन्धित निकायलाई आवश्यक सहयोग र समन्वयका लागि आग्रह गर्दछु।

यस्तो संवेदनशील समयमा सम्पूर्ण नागरिकलाई संयमित रहन, अपुष्ट सूचना वा अफवाहको पछि नलाग्न तथा सामाजिक सद्भाव, आपसी विश्वास र भाइचारालाई अझ सुदृढ बनाउन आह्वान गर्दछु। सदियौंदेखि हामी नेपाली जाति, भाषा, धर्म र संस्कृतिलाई सम्मान गर्दै एकताबद्ध हुँदै आएका छौं। यस परिवेशमा घटनालाई उत्तेजित नबनाई संयमतापूर्वक सामाजिक तथा साम्प्रदायिक सद्भाव कायम राख्न सबै सरोकारवाला, नागरिक समाज, राजनीतिक दल, जनप्रतिनिधि र सञ्चारकर्मीहरुमा हार्दिक अनुरोध गर्दछु।

कोशी प्रदेश सरकार पीडित परिवार र घाइतेहरूको साथमा रहेको विश्वास दिलाउँदै सम्बन्धित निकायसँग आवश्यक समन्वय र सहयोगका लागि प्रतिबद्ध रहेको जानकारी गराउँछु। साथै नेपाल सरकारलाई अविलम्ब आवश्यक सुरक्षा व्यवस्था मिलाई जनताको जिउधनको रक्षा गर्न अनुरोध गर्दछु।

११ श्रावण २०८३

हिक्मत कुमार कार्की
मुख्यमन्त्री
कोशी प्रदेश
मुख्यमन्त्री

फोन नं. +९७७-०२१-४७५१६६

ईमेल:- info.ocmcm@p1.gov.np